# एसएसपी बढुवामा गृहमन्त्री लेखकको राजनीति

पृष्ठ १ बाट

यो बढुवाप्रति प्रहरी संगठनमा तीव्र असन्तुष्टि देखिएको छ। पूर्वडिआइजी मल्लका अनुसार प्रहरीभित्र राजनीतिक हस्तक्षेपले असन्तुष्टिको स्वर बढेको हो। 'असन्तुष्टिको स्वर बढ्नु भनेको चेनअफ कमान्डमा प्रहरी रहन्न कि भन्ने हो, आइजिपीले प्रहरी ऐनको सदुपयोग गर्न पाएका छैनन् कि भन्ने हो। राजनीतिक हालिमुहालीका कारण विभागीय प्राथमिकता कमजोर भएको छ,' मल्लले भने।

प्रहरी प्रधान कार्यालय स्रोतका अनुसार केही दिनमै कारबाही भोग्न लागेका एक एसएसपी पनि बढुवामा परेका छन्। एसएसपी ओम रानालाई प्रहरी प्रधान कार्यालय कारबाहीका लागि स्पष्टीकरण सोध्न तयारीमा थियो। मानव बेचबिखन ब्युरोको प्रमुख हुँदा एकै व्यक्तिलाई दोहोरो मुद्दा लगाएको विषयमा प्रहरी प्रधान कार्यालयले छानबिन गरी रानालाई स्पष्टीकरण सोध्ने तयारी गरेको थियो। 'एसएसपी ओम रानाको हकमा के भएको हो भन्ने जानकारी गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडीलाई थियो, तर बढुवा गरियो,' स्रोतले भन्यो।

राना डिएसपी हुँदा नै विवादमा आएका थिए। बौद्ध र रसुवामा कमान्ड गर्दा उनी धेरै विवादमा आएका थिए। उनले रक्तचन्दन तस्करलाई सहयोग गरेको प्रहरी अनुसन्धानबाट खुलेको थियो। त्यो घटनामा सेनाका कर्णेल बर्खास्त हुँदा उनी जोगिएका थिए। अहिले उनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत छन्।

सुरेन्द्र गुरुङ, सन्जीवदास शर्मा, दीपक रेग्मी, दिलीपसिंह देउवा, माधवप्रसाद श्रेष्ठ विवादित रहेका हुन्। गुरुङले एसपी हुँदा गोरखामा जुवाडेबाट बरामद पैसा लुकाएको पुष्टि भएपछि उनी छानबिनका लागि तानिएका थिए। गुरुङले पैसा लुकाएको विषय छानबिनबाट पुष्टि भएपछि शेखर खनाललाई गोरखा प्रहरी प्रमुखको जिम्मेवारी दिइएको थियो।

रामेछापमा डिएसपी हुँदा सन्जीव शर्मा दासले बालिका सुन्तली तामाङलाई बलात्कारपछि हत्या गरेको आरोप लागेका व्यक्तिलाई जोगाएको आरोप खेप्नुपरेको थियो। प्रहरी अनुसन्धानले दासले अभियुक्तलाई जोगाएको खुलेपछि तत्कालीन गृहमन्त्री जनार्दन शर्माले उनलाई निलम्बन गरेका थिए। निलम्बनमै रहेका बखत उनलाई एसपीमा बढुवा गर्ने विवादास्पद निर्णय भएको थियो। सुन्तली तामाङका हत्यारालाई कुमोद ढुंगेलको टोलीले भारतबाट पक्राउ गरेर ल्याएको थियो।

त्यस्तै बढुवा सिफारिसमा परेका दीपक रेग्मी र एक महिलाबीच भएको विवादित कुराकानीका बाहिर आइसकेको छ। उनलाई नेपाल प्रहरीले यो विषयमा स्पष्टीकरण सोधेको थियो। दिलीपसिंह देउवालाई बारा जिल्लाको प्रमुख हुँदा मदिरा सेवन गरी गाडी ठोक्काएर दुर्घटना गराएको विषयमा प्रहरी प्रधान कार्यालयले स्पष्टीकरण सोधेको थियो। अर्का जयराज सापकोटालाई कांग्रेस नेताको दबाबमा बढुवा सिफारिस गरिएको हो। बढुवामा राष्ट्रिय अनुसन्धान विभागबाट नेपाल प्रहरीमा आएका र विभागीय ११२ को टोलीबीच प्रतिस्पर्धा थियो। सर्वोच्च अदालतको एउटा फैसलाले राष्ट्रिय अनुसन्धान विभागबाट नेपाल प्रहरीमा आएकाहरूलाई विभागीयसरह मान्न आदेश दिएको छ। प्रहरी नियमावलीले भने राष्ट्रिय अनुसन्धान विभागबाट आएकालाई विभागीय ११२ को टोलीभन्दा जुनियर बनाएको छ।

# यो वर्ष वर्षा र गर्मी बढी हुने

पृष्ठ १ बाट

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको हावापानी विज्ञान महाशाखाले जेठ १८ जेठदेखि असोज १४ गतेसम्मका लागि बुधबार जारी गरेको हावापानी आंकलनमा यस्तो प्रक्षेपण गरिएको हो।

प्रक्षेपणअनुसार कर्णाली प्रदेशको पूर्वी भूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ।

यसैगरी सुदूरपश्चिम प्रदेशको दक्षिणी भूभाग, लुम्बिनी प्रदेशको पश्चिमी भूभाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भूभाग, बागमती र कोसी प्रदेशको उत्तरी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ। त्यस्तै मधेस प्रदेशको पूर्वी-दक्षिणी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ। विभागका अनुसार देशका बाँकी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ।

यसैगरी सुदूरपश्चिम प्रदेशको उत्तर-पूर्वी भूभाग, कर्णाली प्रदेशको उत्तरी भूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग, गण्डकी प्रदेशको पश्चिमी भूभाग, मधेस प्रदेशको पश्चिमी भूभाग र बागमती प्रदेशको मध्य भूभागमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ। त्यस्तै मधेस प्रदेशको पूर्वी भूभाग र गण्डकी प्रदेशको मध्य भूभागमा अधिकतम तापक्रम सरदरभन्दा बढी ३५ देखि ४५ प्रतिशतसम्म पुग्ने अनुमान छ। देशका बाँकी भूभागमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ।

त्यसैगरी कर्णाली र बागमती प्रदेशका अधिकांश भूभाग, लुम्बिनी प्रदेशको मध्य भूभाग, मधेस प्रदेशको पश्चिमी भूभाग र कोसी प्रदेशको तराई भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावान ५५ देखि ६५ प्रतिशत छ। यस्तै सुदूरपश्चिम प्रदेशको दक्षिण-पश्चिमी भूभभाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भूभाग र कोसी प्रदेशको उत्तरी भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ। देशका अन्य भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ।

विभागले विश्व मौसम संगठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको हावापानीको प्रारूप आकलन र साउथ एसियन सिजनल क्लाइमेट आउटलुक फोरमको आकलनका आधारमा यो प्रतिवेदन तयार पारेको हो। यसैगरी नेपालको मनसुन ऋतुको जलवायुमा पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने इलनिनो एन्ड साउर्दन ओस्सिलेसन (इन्सो) र हिन्द महासागरमा विकास हुने इन्डियन ओसियन डिपोलको हालको अवस्था तथा जलवायु प्रारूपहरूको मनसुन ऋतुको आकलन, युरोप तथा एसियामा गत हिउँद र प्रि -मनसुनको ऋतुमा परेको हिउँ र अन्तरऋतु परिवर्तनशिलताका कारकलाई समेत ध्यानमा राखिएको महाशाखाले जनाएको छ।

विभागले गत वर्ष देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेअनुसार नै वर्षा भएको जनाएको छ।

# उदयपुर सिमेन्ट निजीकरण नगर्न स्थानीयको खबरदारी

महेश्वर चामलिङ राई

उदयपुर, जेठ ७




पूर्ण सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योग लिमिटेड जलजले निजीकरण गर्न लागेको भन्दै जिल्लावासी सरोकारवाला निकाय र व्यक्तिले सरकारलाई खबरदारी गरेका छन्। मंगलबार प्रमुख जिल्ला अधिकारीमार्फत संयुक्त ज्ञापनपत्र बुझाउँदै उद्योग निजीकरण नगर्न उनीहरूले खबरदारी गरेका हुन्।

सरोकारवालाहरूले उत्पादन भइरहेको उद्योग जानीजानी बन्द नगराउन, अदालतको आदेशले रोक्का गरिएका बैंक खाताहरू फुकुवा गर्न, लामो समयदेखि रिक्त व्यवस्थापन समिति अध्यक्ष र महाप्रबन्धक विषय विज्ञबाट छनोट गरी तत्काल नियुक्त गर्न माग गरेका छन्। त्यसैगरी बन्द खानी सुचारु गर्न तथा आवश्यक मर्मत-सम्भार गरी उद्योग तत्काल सुचारु गर्न, आन्तरिक बेथिति र अनियमितता अन्त्य गरी राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न पनि माग गरेका छन्।

ज्ञापनपत्रमा नेकपा (माओवादी केन्द्र) त्रियुगा नगर अध्यक्ष मानबहादुर राई र इन्चार्ज विमल किराँती, अखिल नेपाल औद्योगिक मजदुर संघ उद्योग समितिका अध्यक्ष सूर्य खड्काले हस्ताक्षर गरेका छन्। त्यस्तै अखिल नेपाल ट्रेड युनियन उदयपुर अध्यक्ष काशी कार्की तथा उदयपुर सिमेन्ट उद्योग बचाउ संघर्ष समितिका अध्यक्ष राधारमण खतिवडाले पनि संयुक्त ज्ञापनपत्रमा हस्ताक्षर गरेका छन्। नेकपा माओवादी नेता संविधानसभा सदस्य मोहन खत्री (दीपक) सहित मजदुर तथा सरोकारवाला टोली दिउँसो जिल्ला प्रशासन कार्यालय पुगेर सिडिओलाई ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्र बुझाउँदै नेता खत्रीले मन्त्रीपरिषद्को गत वैशाख १५ गतेको निर्णयअनुसार खर्बौं मूल्यको उदयपुर सिमेन्टसहित आधा दर्जन सरकारी उद्योग तथा कलकारखाना निजीकरण गर्न लागेको कुराको भर्त्सना र निन्दा गरे। वर्तमान कांग्रेस-एमाले गठबन्धन सरकारले कौडीका भरमा सरकारी सम्पत्ति बेच्न खोजेको आरोप लगाउँदै कुनै हालतमा निजीकरण गर्न नदिने अढान कसे। इन्चार्ज किराँतीले सरकारले जबर्जस्ती उद्योग निजीकरण गर्न खोजे त्यस्तो घातक कदमविरुद्ध जिल्लावासी सशक्त संघर्ष गर्न बाध्य हुने चेतावनी दिए।

# राजावादी पार्टीलाई प्रतिबन्ध लगाउनुपर्छ : गौतम

काठमाडौं, जेठ ७ (नागरिक)- नेकपा एकता राष्ट्रिय अभियानका संयोजक वामदेव गौतमले मुलुकलाई राजतन्त्रमा फर्काऔं भन्नु उल्टो बाटो हिँड्नु भएको बताएका छन्। नागरिक न्युजको 'नागरिक फ्रन्टलाइन'का लागि बुधबार प्रधानसम्पादक गुणराज लुइँटेलसँग कुरा गर्दै गौतमले यस्तो बताएका हुन्।

'शाह वंशका एक व्यक्ति हामीले नै समर्थन गरेर राजा भए। अब फेरि पनि राजतन्त्र चाहिन्छ भन्नु उल्टो बाटो हिँड्नु हो, यो फेरि स्थापित हुन सक्दैन,' उनले भने। गौतमले राजावादी पार्टी रहनै नहुने पनि बताए। 'कांग्रेस एउटै हुनुपर्छ, कम्युनिस्ट एउटै हुनुपर्छ तर राजावादी पार्टी हुनु हुँदैन। डेमोक्रेसीमा उत्पात ल्याउँछु, राजा ल्याउँछु भन्न पाइँदैन,' उनले भने, 'संविधान माने मात्रै नागरिक भएर बस्न पाइन्छ। त्यसो नभए प्रतिबन्ध लगाइदिनुपर्छ।' बहुदलीय व्यवस्थामा अभिव्यक्ति स्वतन्त्रता छ नि भन्ने प्रश्नमा उनले भने, 'विचार र अभिव्यक्ति जनताको विरुद्धमा जान्छ भने त्यो रहनु हुँदैन।'

## प्रमाण...

मिश्रलाई वैशाख १० गते हिरासतमा राख्न अनुमति दिँदा नै उनीबाट संकलन गर्नुपर्ने प्रमाण संकलन भइसकेको अदालतको आदेशमा उल्लेख थियो। उनलाई हाजिर जमानीमा छोड्न आदेश भएको थियो। 'अधिकांश प्रमाण संकलनको कार्य सकिएकाले थप प्रमाण संकलन गर्न नसकिने र हिरासतमै राख्नुपर्ने नदेखिँदा पछि मुद्दा चल्ने अवस्था आए थप प्रमाण बुझ्नुपर्ने भएमा जिल्ला प्रहरी कार्यालयले खोजेका बखत उपस्थित गराउनेगरी निजका

पृष्ठ १ बाट

कानुन व्यवसायीको जिम्मा लगाई तत्काल थुनामुक्त गरिदिनू...' सर्वोच्चले मिश्रको बन्दी प्रत्यक्षीकरण रिटको संक्षिप्त आदेशमा भनेको छ।

प्रहरीले अनुसन्धानका लागि भनेर लामो समय हिरासतमा राख्ने चलन छ। प्रहरीले कानुनी व्यवस्थाअनुसारै सम्बन्धित अदालतबाट म्याद थप गरी अनुसन्धानका लागि थुनामा राख्ने गरेको छ। तर अनुसन्धानमा चाहिने बयान, प्रमाण संकलन गरिसक्दा पनि थुनामा राख्न म्याद थपिरहने गर्दा आरोपितहरू बन्दी प्रत्यक्षीकरणको रिटमार्फत सर्वोच्च पुग्ने गरेका छन्।

सर्वोच्चले सुजित केसीविरुद्ध विद्युतीय कारोबार ऐनअन्तर्गत कसुरमा परेको मुद्दा अनुसन्धानका क्रममा उनलाई थुनुवा पुर्जी दिई काठमाडौं जिल्ला अदालतबाट जेठ २ गते र जेठ ७ गते म्याद थप अनुमति लिएको थियो। त्यो प्रक्रियालाई गैरकानुनी भन्न नमिल्ने व्याख्या सर्वोच्चले गरेको छ। कानुनबमोजिम थुनामा राखेको भए पनि भागेर जाने सम्भावना नभएका व्यक्तिलाई थुनिरहनुपर्ने आदेशमा उल्लेख छ।

'अनुसन्धानका क्रममा प्रतिवादीको बयान सकिएको, प्रतिवादी कानुन व्यवसायी अधिवक्ता रहेको, उनी भागेर उम्केर जाने, आफ्नो विरुद्धमा प्रमाण लोप गर्ने सम्भावना पनि नभएको,' सर्वोच्चले बुधबार जारी संक्षिप्त आदेशमा भनेको छ, 'थुनामै राखेर मुद्दाको थप अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था र मनासिब कारणसमेत खुलेको नदेखिँदा कुनै मावर व्यक्तिको जिम्मा हाजिर जमानीमा छोडी, मुद्दाको बाँकी अनुसन्धान गर्नूगराउनू भनी विपक्षीहरूको नाममा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ।'

## राजसंस्थाको...

'रास्वपा वर्तमान संविधान र व्यवस्थाप्रति स्पष्ट छ,' अर्यालले भने, 'उहाँहरूको आन्दोलनमा हाम्रो सहमति, ऐक्यबद्धता केही छैन।' सुवेदीले पत्र पठाउनुअघि अर्याललाई भेट्न खोजेका थिए। अर्यालले नभेट्ने भनेपछि सुवेदीले पार्टी मुख्यालय बनस्थलीमा पत्र पठाएका हुन्। पत्रमा सुवेदीले रास्वपा पनि वर्तमान व्यवस्थासँग खुसी नभएको आफ्नो बुझाइ रहेको उल्लेख गरेका छन्। 'तपाईंको पार्टीका सभापति रवि लामिछानेज्यूले पनि हालको व्यवस्थाअन्तर्गत निष्पक्ष न्याय पाउनेमा शंका व्यक्त गर्नुभएको तथ्य सर्वविदितै छ,' सुवेदीले पत्रमा लेखेका छन्, 'आउनुहोस्, यो चरम दलीयकरण र अव्यवस्थाको अन्त्य गरी राष्ट्रिय पहिचान, न्याय, धर्म र लोकतन्त्र पुनर्स्थापना गर्ने हाम्रो साझा लक्ष्यका लागि संयुक्त रूपमा अघि बढौं। संवैधानिक राजसंस्था, सनातन हिन्दु राष्ट्र, बहुदलीय प्रजातन्त्र पुनर्स्थापना गरौं।'

# एक बसले आठ सवारीलाई ठक्कर

काठमाडौं, जेठ ७ (नागरिक)- काठमाडौंको गौशालामा बुधबार सार्वजनिक बस दुर्घटनामा परेको छ। गौशालास्थित पिंगलास्थानमा यात्रुवाहक बसले अनियन्त्रित भएर अन्य ७ वटा सवारीसाधनलाई ठक्कर दिएको हो। त्रिभुवन विमास्थलतर्फ जाँदै गरेको बा५ख ६७३५ नम्बरको बाबा गोकर्णेश्वर यातायातको बसले अन्य सवारीसाधनलाई ठक्कर दिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा परी ३ जना घाइते भएका छन्। घाइते हुनेमा धादिङका ३२ वर्षीय राजकुमार श्रेष्ठ, नुवाकोटका २२ वर्षीय विकाश कट्टेल र खोटाङका ३७ वर्षीय शैलेन्द्र राई रहेका छन्। राजकुमार श्रेष्ठ र शैलेन्द्र राई मोटरसाइकल चालक हुन्। ठक्कर दिने गोकर्णेश्वर यातायातका चालक भने फरार रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बसले बा५ख ७३१ नम्बरको हायस माइक्रो, बागमती प्रदेश-०१-०२६ च ८५७६ नम्बरको कार, बिएसी ९७७३ नम्बरको कार, बा१६ च ४४५२ नम्बरको कार, प्रदेश-०२-०१-००३ प १००५ नम्बरको मोटरसाइकल, बा५१प २२ नम्बरको मोटरसाइकल र बागमती प्रदेश-०२-०४६ प ४८१० नम्बर भएको स्कुटरलाई ठक्कर दिएको छ।


## युगान्तर बचत तथा ऋण सहकारी संस्था लि. का सदस्य ऋणीलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२।०२।०८ )

यस युगान्तर बचत तथा ऋण सहकारी संस्थाका तपसिलका सदस्य ऋणीले व्यक्तिगत जमानी कर्जा अन्तर्गत उपभोग गर्नु भएको कर्जाको भुक्तानी सम्बन्धी सम्झौताको शर्त अनुसार तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दै-दस्तुर आदि नियमानुसार लाग्ने रकम मौखिक तथा लिखित रुपमा पटक पटक ताकेता गर्दा पनि नतिरी, नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको र सदस्य ऋणीले कर्जा चुक्ता गर्ने तर्फ कुनै पहल नै नगरि अटेर गरि सम्पर्क बिहिन भई बसेकोले यो सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र संस्थामा सम्पर्क गरि तिर्न बाँकी साँवा, व्याज तथा अन्य दै-दस्तुर तिर्न बुझाउन अनुरोध गरिन्छ। अन्यथा कर्जा लिंदा लेखाइदिएको लिखत बमोजिम, संस्थाको नियम, सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम संस्थाको कर्जा असुल उपर गरिने छ। कथंकदाचित कर्जा लिंदा लेखाईदिएको लिखित बमोजिम असुल उपर नभएमा तपाई लगायत व्यक्तिगत धनजमानी दिने समेतको घरघरानाको अन्य चल अचल सम्पत्तिबाट लेना रकम असुल उपर गरिने प्रक्रिया अगाडि बढाईनुका साथै कालो सुचीमा समेत समाबेश गरि सम्वन्धित निकायमा मुद्दा दायर गरिने व्यहोरा यसै सुचनाबाट सुचित गरिन्छ।

तपसिल

| सदस्य ऋणीको बिवरण | ऋणीको फोटो | व्यक्तिगत धनजमानी कर्ताको विवरण र फोटो |
|---|---|---|
| ऋणी नाम: कामेश्वर यादव<br>ठेगाना: महोत्तरी, ह-हरिणमरी-२<br>हाल ठेगाना: डल्लु, काठमाडौं<br>बाबुको नाम: धर्म नाथ यादव<br>बाजेको नाम: गंगा राम यादव<br>पत्नीको नाम: रेखा यादव |  | नाम: रेखा यादव<br>ठेगाना: महोत्तरी, ह-हरिणमरी-२<br>पति: कामेश्वर यादव<br>ससुरा: धर्म नाथ यादव<br>ना.प्र.न. १८३। ०५७।०५८,महोत्तरी <br>साथै सो ऋणीको व्यक्तिगत धनजमानि बस्नु हुने सदस्यहरु समेत |

युगान्तर बचत तथा ऋण सहकारी संस्था लि.
नयाँबजार, काठमाण्डौ-१६,नेपाल
फोन नं. ०१-४१८७८५३, ४१८०२७८, इमेल : yugantar2067@hotmail.com



## आ.व. २०८२/८३ मा बैंकलाई आवश्यक पर्ने वस्तु र सेवा आपूर्ति गर्ने फर्म/कम्पनीको सूचीकरण बारे

यस बैंकलाई आ.व. २०८२/८३ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति/प्रवाह गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृती प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले आफुले आपूर्ति/प्रवाह गर्ने सामान एवं सेवाहरुको विवरण, फर्म/कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण), स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धी कर (VAT) दर्ता प्रमाणपत्र, २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, कार्यदक्षता तथा अनुभवको प्रतिलिपी सहितको आवेदन मिति २०८२/०२/२२ गते कार्यालय समय भित्र यस बैंकको केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाडौं स्थित सामान्य प्रशासन तथा खरिद विभागमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सूचीदर्ता कार्यहरुको विवरण :

| सि.नं. | विवरण | सि.नं. | विवरण |
|---|---|---|---|
| १. | डिजाईन तथा छपाई/Advertising Agency/Social media management सम्बन्धी कार्य। | ५. | आन्तरिक निर्माण तथा सजावट, रङ्ग रोगन, फ्लोरिङ, फर्निसिङ आपूर्ति, जडान तथा मर्मत सम्भार। |
| २. | Printing & Stationery Items:<br>a) MICR चेक, छाप (Stamp) तथा सेक्युरीटी, छपाई तथा आपूर्ति।<br>b) मसलन्द (स्टेशनरी) सामान आपूर्ति, Printing form छपाइ, एटिएम रिसिप्ट तथा जर्नल रोल आपूर्ति।<br>c) फोटोकपी, फ्याक्स, प्रिन्टर आदिमा लाग्ने इन्क, रिबन, कार्टेज तथा टोनरहरु आपूर्ति तथा refilling कार्य। | ६. | जनशक्ति आपूर्तिकर्ता (Outsourcing Company for staff/driver/security/cleaner)। |
| | | ७. | सफ्टवेयर निर्माण आपूर्ति, जडान तथा मर्मत सम्भार कार्य। |
| | | ८. | ग्लोबोर्ड, होर्डिङ्ग बोर्ड, स्टीकर, लेखन तथा साइनबोर्ड आदि आपूर्ति तथा मर्मत। |
| | | ९. | अफिस सरसफाई, माली सेवा तथा प्लम्बिङ्ग सम्बन्धी कार्यहरु |
| ३. | (Computer Accessories & Office Equipment) कम्प्युटर, ल्यापटप, प्रिन्टर, MICR Scanner, फोटोकपी, फ्याक्स, नोट काउन्टिङ्ग मेशिन, Firewall, QMS, एयरकण्डिसनर, जेनेरेटर, स्टेबलाइजर, सोलार प्यानल, ATM Machine, POS Machine, UPS र ब्याट्री, CCTV Camera, DVR /NVR, Hard disk, Switch, Fire Alarm System, Intruder Alarm System, Metal Detector, Fire Extinguisher, Access Control, Attendance Machine, EPABX, Telephone Set आदि अफिस उपकरणहरु आपूर्ति कार्य वा मर्मत सम्भार। | १०. | (Metal Furniture & Wooden Furniture) Fire Resistance Safe/Cabinet, Safe Deposit Locker, Vault Door, Metal Filling Cabinet, Steel Daraj, Skeleton Racks, Cabinet, Chair मेटल तथा काठका फर्निचर र फिक्स्चर्स आपूर्ति तथा मर्मत सम्भार। |
| | | ११. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरियर सेवा र Travel Agency Service। |
| | | १२. | परामर्श सेवा Consultancy Services-Interior Designing, Supervision & Monitoring of Construction Projects |
| ४ | इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स विद्युत तथा विद्युतिय उपकरण सम्बन्धी सामानहरुको आपूर्ति, जडान तथा मर्मत सम्भार समेतका कार्य। | १३. | इन्स्योरेन्स कार्य। |
| | | १४. | अन्य विविध सामान तथा सेवाहरु आपूर्ति तथा मर्मत सम्भार समेतका कार्यहरु। |

अन्य जानकारीहरु :

१. आवेदन सहित रु. १,०००/- (फिर्ता नहुने गरि) यस बैंकको Tender Fee खाता नं. ०९९१५२४६७०५४१५४६ मा जम्मा गरि सामान्य प्रशासन तथा खरिद विभागमा दर्ता गराउनुपर्नेछ। यस सम्बन्धी थप जानकारीको लागि केन्द्रीय कार्यालयको प्रशासन विभागको फोन नम्बर-०१-४५२८५५६ मा सम्पर्क गर्न सकिनेछ।
२. म्याद नाघी वा रीत नपुगी आएको फारम उपर कुनै कारबाही हुने छैन।
३. कुनै पनि प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसंग निहित रहनेछ। साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रीय कार्यालय, लाजिम्पाट



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ८ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय धादिङबेसीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असुल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सुचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| |
|---|
| **१) ऋणीको विवरण** |
| टेकबहादुर श्रेष्ठको छोरी मान बहादुर श्रेष्ठको बुहारी ठाकुर श्रेष्ठको पत्नी धादिङ जिल्ला निलकण्ठ वडा नं. १ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **पुतली श्रेष्ठ** (ना.प्र.नं. : २६ १/५२८२२ जारी मिति र जिल्ला : २०६८/१०/२४, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) तोप बहादुर मगरको छोरी कृष्ण बहादुर खानको बुहारी राजेन्द्र खानको पत्नी धादिङ जिल्ला निलकण्ठ वडा नं. १ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **चित्र कुमारी खान** (ना.प्र.नं. : २/७८२८ जारी मिति र जिल्ला : २०६१/०१/२०, धादिङ) |
| २) दल बहादुर गुरुङको नातिनी राजेन्द्र गुरुङको छोरी धादिङ जिल्ला खनियाबास गा.पा. वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **सृजना गुरुङ** (ना.प्र.नं. : २६-०१-७५-०४९७५ जारी मिति र जिल्ला : २०७५/०५/३१, धादिङ) |

| |
|---|
| **२) ऋणीको विवरण** |
| दल बहादुर कुमालको छोरी टेक बहादुर कुमालको बुहारी सुइरे कुमालको पत्नी धादिङ जिल्ला मुरलिभञ्ज्याङ वडा नं. ३ हाल, निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **सावित्री कुमाल** (ना.प्र.नं. : २६ १४००८४ जारी मिति र जिल्ला : २०६७/०८/२९, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) रत्नमान कुमालको नाति टेक बहादुर कुमालको छोरा धादिङ जिल्ला मुरलिभञ्ज्याङ वडा नं. ३ हाल, निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **सुइरे कुमाल** (ना.प्र.नं. : २४/३५ जारी मिति र जिल्ला : २०६१/०८/१०, धादिङ) |
| २) बले कुमालको नाति सानु पुर्ण बहादुर कुमालको छोरा धादिङ जिल्ला मुरलिभञ्ज्याङ वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **विष्ने कुमाल** (ना.प्र.नं. : टो १/१७१३ जारी मिति र जिल्ला : २०४४/११/१३, धादिङ) |

| |
|---|
| **३) ऋणीको विवरण** |
| नरे घलेको बुहारी कुमार घलेको पत्नी धादिङ जिल्ला बसेरी वडा नं. ३ हाल, गंगाजमुना गा.पा. वडा नं. ६ बस्ने **सरु घले** (ना.प्र.नं. : २६-०१-७३-०६०३७ जारी मिति र जिल्ला : २०७३/०५/२०, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) ईन्द्रमान घलेको नाति नरे घलेको छोरा धादिङ जिल्ला बसेरी वडा नं. ३ हाल, गंगाजमुना गा.पा. वडा नं. ६ बस्ने **कुमार घले** (ना.प्र.नं. : १४/१४१ जारी मिति र जिल्ला : २०६२/०५/३०, धादिङ ) |
| २) भिम बहादुर गुरुङको नातिनी पूर्ण बहादुर गुरुङको छोरी धादिङ जिल्ला निलकण्ठ वडा नं. ३ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **मिना मल्ल ठकुरी** (ना.प्र.नं. : २६१/३४९७८ जारी मिति र जिल्ला : २०६७/०२/०५, धादिङ) |

| |
|---|
| **४) ऋणीको विवरण** |
| रसिर बहादुर गुरुङको छोरी टेक बहादुर गुरुङको बुहारी लिला बहादुर गुरुङको पत्नी धादिङ जिल्ला निलकण्ठ वडा नं. ७ हाल, निलकण्ठ न.पा. वडा नं. २ बस्ने **मंगली गुरुङ** (ना.प्र.नं. : १८४५५ जारी मिति र जिल्ला : २०५५/११/२२, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) गोरे गुरुङको नाति टेक बहादुर गुरुङको छोरा धादिङ जिल्ला निलकण्ठ वडा नं. ७ हाल, निलकण्ठ न.पा. वडा नं. २ बस्ने **लिला बहादुर गुरुङ** (ना.प्र.नं. : ४१६६-०४६/४७ जारी मिति र जिल्ला : २०४६/११/१८, धादिङ) |
| २) टेक बहादुर गुरुङको नातिनी लिला बहादुर गुरुङको छोरी धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. २ बस्ने **संगिता गुरुङ** (ना.प्र.नं. : २६-०१-७५-०५४२१ जारी मिति र जिल्ला : २०७५/०६/२५, धादिङ) |
| ३) लिला बहादुर गुरुङको छोरी गज बहादुर गुरुङको बुहारी गौरव बहादुर गुरुङको पत्नी धादिङ जिल्ला निलकण्ठ वडा नं. ७ हाल, निलकण्ठ न.पा. वडा नं. २ बस्ने **यम कुमारी गुरुङ** (ना.प्र.नं. : २६ १७०३६२ जारी मिति र जिल्ला : २०७०/०९/१६, धादिङ) |
| ४) लिला बहादुर गुरुङको छोरी ज्ञान बहादुर गुरुङको बुहारी श्याम बहादुर गुरुङको पत्नी धादिङ जिल्ला निलकण्ठ वडा नं. ७ हाल, निलकण्ठ न.पा. वडा नं. २ बस्ने **मिना माया गुरुङ** (ना.प्र.नं. : २६ १४३२०६ जारी मिति र जिल्ला : २०६७/१२/२७, धादिङ) |

| |
|---|
| **५) ऋणीको विवरण** |
| कृष्ण प्रसाद नेपालको छोरी यदुनाथ तिवारीको बुहारी जगन्नाथ तिवारीको पत्नी धादिङ जिल्ला मैदी वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **सीता नेपाल तिवारी** (ना.प्र.नं. : २६-०१-७३-०८९९३ जारी मिति र जिल्ला : २०७३/०८/१४, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) महानन्द तिवारीको नाति यदुनाथ तिवारीको छोरा धादिङ जिल्ला मैदी वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **जगन्नाथ तिवारी** (ना.प्र.नं. : १९५८ जारी मिति र जिल्ला : २०४७/१२/१८, धादिङ ) |
| २) गोपाल चन्द्र अधिकारीको छोरी एक राज अर्यालको बुहारी कृष्ण प्रसाद अर्यालको पत्नी धादिङ जिल्ला नलाङ वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **बिनिता अर्याल** (ना.प्र.नं. : २६ १/४७६१४ जारी मिति र जिल्ला : २०६८/०४/०८, धादिङ) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ